निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्ताव नं. १/६३/३२४-२०७७/७/५ को "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. माननीय मुख्यमन्त्रीज्यूबाट प्रस्तुत भएको राहत तथा सहयोग प्रदान गर्ने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"अस्थायी प्रहरी पोष्ट, जुगेडा, कैलालीमा कार्यरत रही मिति २०७७/७/१ गते रातिको समयमा कर्तव्य पालनाको क्रममा हत्या भएका प्रहरी सहायक निरीक्षक श्री गोविन्द वि.क. र प्रहरी जवान श्री राम बहादुर साउँदको प्रत्येकको नजिकको हकवालालाई एक लाख रुपैयाँका दरले तत्काल राहतस्वरुप रकम प्रदान गर्ने र नावालक सन्ततीहरुको शिक्षा र स्वास्थ्यमा सहयोग स्वरुप प्रति परिवार एक लाख रुपैयाँका दरले नाबालकहरुको संयुक्त नामको मुद्दती खातामा रकम जम्मा गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई रकम निकासा गर्ने ।"